# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०४) पोखरा, कार्तिक २९ गते, २०७८ साल (अतिरिक्ताङ्क २६


## भाग २

गण्डकी प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना**

**गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (पहिलो संशोधन) आदेश, २०७८**

**प्रस्तावना:** गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस आदेशको नाम "गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन)(पहिलो संशोधन) आदेश, २०७८" रहेको छ।

(२) यो आदेश तुरन्त प्रारम्भ हुनेछ।

२. **गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ को दफा ८ मा संशोधन:** गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (यसपछि "मूल आदेश" भनिएको) को दफा ८ कोः

(१) खण्ड (क) को उपखण्ड (३) पछि देहाय बमोजिमको उपखण्ड (४) थप गरिएको छः

"(४) प्रदेशको समग्र स्रोतको प्रक्षेपण गरी प्राथमिकताका आधारमा क्षेत्रगत सन्तुलन मिलाई विषयगत मन्त्रालयलाई बजेटको स्रोत सीमाको आँकलन गर्ने।"

(२) खण्ड (ङ) को उपखण्ड (१३) पछि देहाय बमोजिमको उपखण्ड (१४) थप गरिएको छः

"(१४) सम्बन्धित मन्त्रालय तथा निकायसँग समन्वयमा प्रदेशस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण समेत गरी परामर्श दिने।"

३. **मूल आदेशको दफा १६ मा संशोधन:** मूल आदेशको दफा १६ को सट्टा देहाय बमोजिमको दफा १६ राखिएको छः

"१६. **उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधाः** उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक, दैनिक भ्रमण भत्ता, सवारी साधन र इन्धन सुविधा, आवास सुविधा, सञ्चार, विद्युत्, पानी र अतिथि सत्कार सुविधा क्रमशः प्रदेश सरकारका राज्यमन्त्री तथा सहायक मन्त्रीले पाए सरह हुनेछ।

तर निजहरूको मर्यादाक्रम नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।"

आज्ञाले,
रामप्रसाद आचार्य
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय। मूल्य रु.१०।-